# भक्तपुर नगरपालिकाको सत्रौं  नगर सभा

## २०८१ पुष २६ गते, शुक्रबार (पहिलो दिन)

१) भक्तपुर नगरपालिकाको ऐतिहासिक सत्रौं नगर सभाको उद्घाटन समारोह नेपाल मजदुर किसान पार्टीका सचिव ˙Pjd\ k|ltlglw;ef ;f+;b श्री प्रेम सुवालज्यूको प्रमुख आतिथ्यमा भनपा सभा कक्षमा पानसमा दिप प्रज्ज्वलन गरी सम्पन्न भयो ।

२. सत्रौं नगर सभाको उद्घाटन समारोह पश्चात् सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिको अध्यक्षतामा नगर सभाको बैठक बस्यो । बैठकमा उद्घाटन समारोह सफलतापूर्वक सम्पन्न गर्न उपस्थित हुनु हुने प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधि सभाका माननीय सांसद प्रेम सुवाल,  विशेष  अतिथि बागमति प्रदेश सभाका माननीय सांसद सुरेन्द्रराज गोसाई र अतिथि प्रमुख जिल्ला अधिकारी गोपाल प्रसाद अर्याललाई धन्यवाद दिने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

३. सभा अध्यक्ष प्रजापतिले सभाको अर्को बैठक २०८१ माघ २ गते, बुधबार दिनको १:०० बजे बस्ने गरी स्थगित भएको घोषणा गर्नुभयो ।

**भक्तपुर नगरपालिकाको सत्रौं नगर सभा (दोश्रो दिन)**
**२०८१ माघ २ गते, बुधबार**

१. सभा अध्यक्ष एवम् नगर प्रमुख श्री सुनिल प्रजापतिबाट सत्रौं नगर सभाको दोश्रो दिनको बैठक शुरु गर्दै विशेष समयमा बोल्न चाहने सभासदहरुलाई समय प्रदान गर्नुभयो र बोल्ने चाहनु हुने सभासदहरुको नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनुभयो ।

२. विशेष समयमा बोल्नु हुँदै **सभासद् श्री मञ्जु मैया लाखा**ले भक्तपुर नगरपालिकाको आयोजनामा भएको भक्तपुर महोत्सव, २०८१ भव्यताकासाथ सम्पन्न गर्न योगदान गर्ने सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दै स्थानीय पाठ्यक्रम परिमार्जन गर्नुपर्ने, पाठ्य सामाग्री उपलब्ध गराउनु पर्ने, सामुदायिक विद्यालयहरुको भौतिक सुधारको लागि आर्थिक सहयोग गर्नुपर्ने, जनज्योति पुस्तकालयको स्तरोन्नती गर्नुपर्ने, भ.न.पा. २ को नगर स्वास्थ्य केन्द्र व्यवस्थित गर्नुपर्ने लगायतका सुझावहरु दिनु भयो ।

३. **सभासद् श्री इन्द्र बहादुर प्याथ**ले छलफल भाग लिनु हुँदै समानुपाति रुपमा खानेपानी वितरण गर्नुपर्ने, कृषकहरुको लागि समयानुकुल तालिम दिनु पर्ने र तरकारीमा प्रयोग भएका विषादी परीक्षणको व्यवस्था मिलाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

४. **सभासद् श्री हेरा ख्याजु**ले छलफल भाग लिनु हुँदै कौशी खेती र कम्पोष्ट मल प्रभावकारी रुपमा लागू गर्नुपर्ने, फोहर व्यवस्थापनको लागि बाल्टिन वितरण गर्नुपर्ने, आधुनिक र मौलिक विउ विजन वितरण गर्नुपर्ने, भक्तपुर महोत्सव, २०८१ मा जामे मस्जिदलाई समावेश गर्नुपर्ने सुझाव दिनु भयो ।

५. विशेष समयमा बोल्नु हुँदै **सभासद् श्री नारायण प्रसाद त्वानाबासु**ले भक्तपुर महोत्सवमा देखापरेको आन्तरिक समन्वयको अभावको विषयमा समिक्षा गर्नुपर्ने र अमेरिकाको लस एन्जलसमा भएको आगलागनीको विषयमा विचार व्यक्त गर्नुभयो ।

६. विशेष समयमा बोल्नु हुँदै **सभासद् श्री कृष्ण सुन्दर प्रजापति**ले कौशी खेती तालिममा फल फल्ने खेति सम्बन्धी तालिम दिनुपर्ने, कृषि उपज विक्री केन्द्र सञ्चालन गर्नुपर्ने विचार राख्नु भयो ।

७. **सभासद् श्री सूर्य प्रसाद श्रेष्ठ**ले छलफलमा भाग लिनु हुंदै नगरको प्रवेश द्वारहरुमा सडक बत्ती र सी.सी. क्यामराको व्यवस्था गर्नुपर्ने, हनुमन्ते खोला सुधार गर्नुपर्ने, महेश्वरी खेल मैदान र शहीद स्मृति खेल मैदानमा स्टेडियम निर्माण गर्नुपर्ने, नगरका ऐतिहासिक पोखरीहरुमा सुख्खा समयमा पनि पानीको सतह वर्षायाममा जस्तै कायम राख्न बैकल्पिक व्यवस्था मिलाउनु पर्ने, सामुदायिक विद्यालयहरुमा विद्यार्थी अनुपातमा शिक्षकको व्यवस्थाको पहल गर्नुपर्ने, खानेपानीको पाइप सुधार गर्नुपर्ने, २०६४ सालभन्दा अगाडि नियुक्ति पाई अटुट रुपमा कार्यरत नगरपालिकाका कर्मचारीहरुलाई प्रक्रिया पुऱ्याई स्थायी गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

८. **सभासद् श्री जितेन्द्र मुनंकर्मी**ले छलफलमा भाग लिनु हुंदै भक्तपुर महोत्सव, २०८१ को समीक्षा गर्नुपर्ने, भ.न.पा. वडा नं. ६ र १० मा मेलम्चीको पानी वितरण व्यवस्था मिलाउन पहल गर्नुपर्ने, सुकुन्दा फाँटमा आवास आयोजना सञ्चालन गर्नुपर्ने, कमलविनायकको वाल उद्यान सञ्चालनमा ल्याउनु पर्ने, लान्चा फल्चामा सडक पेटी निर्माण गर्नुपर्ने सुझाव दिनु भयो ।

९. **सभासद् श्री राम सुन्दर बासी**ले छलफलमा भाग लिनु हुंदै फोहर व्यवस्थापनको लागि सुरक्षित फोहर संकलन केन्द्रहरु सञ्चालनमा ल्याउनु पर्ने, व्यापारिक पसलहरुको लागि आवश्यक डष्टबिन वितरण गरी अनुगमन गर्नुपर्ने, प्लाष्टिक झोलालाई निरुत्साहित गर्न घर घरमा कपडाको झोला वितरण गर्नुपर्ने सुझाव दिनु भयो ।

१०. **सभासद् श्री गोविन्द दुवाल**ले छलफलमा भाग लिनु हुँदै भक्तपुर महोत्सव, २०८१ सफल पार्न योगदान गर्ने सबैमा धन्यवाद ज्ञापन गर्नु हुँदै सुकुन्दा फाँटमा आवास योजना सञ्चालन गर्नुपर्ने, वडा नं. ६ र १० मा मेलम्चीको पानी वितरण व्यवस्था मिलाउन व्यवस्था गर्नुपर्ने र बैकल्पिक खानेपानीको स्रोतहरु खोज गर्नुपर्ने सुझाव दिनु भयो ।

११. सभाअध्यक्ष श्री प्रजापतिले विशेष समयमा सभासदहरुले उठाउनु भएका विषयहरुमा स्पष्ट पार्न समितिका पदाधिकारीहरुलाई समय प्रदान गर्नुभयो र देहाय बमोजिमका पदाधिकारीहरुले देहाय बमोजिमको समितिसंग सम्बन्धित विषयहरुमा स्पष्ट पार्नु भयो :

क. वातावरण तथा पर्यटन समितिका संयोजक एवम् शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्य **श्री रविन्द्र ज्याख्व**ले फोहर व्यवस्थापन, शिक्षक दरबन्दी र शिक्षक भर्ना विषयमा सभासदहरुले उठाउनु भएको जिज्ञासाबारे प्रष्ट पार्नुभयो ।

ख. महिला, बालबालिका तथा समाज कल्याण समितिका संयोजक **श्री रोशन मैया सुवाल**ले बाल उद्यान सञ्चालन सम्बन्धी सभासदहरुले उठाउनु भएका जिज्ञासा प्रष्ट पार्नुभयो ।

ग. निर्माण समितिका संयोजक **श्री उकेश कवां**ले सभासदहरुले उठाउनु भएको सी.सी. क्यामरा, सडक बत्ती, खोला सुधार, पाइप लाइन सुधार, खानेपानी वितरण र रकमान्तरण सम्बन्धी जिज्ञासाहरुबारे प्रष्ट पार्नुभयो ।

घ. कृषि समितिका सदस्य **श्री लक्ष्मी प्रसाद ह्यौमिखा**ले कौशी खेती, प्रांगारिक मल वितरण, रासायनिक मल वितरण सम्बन्धी सभासदहरुको जिज्ञासाबारे प्रष्ट पार्नुभयो ।

१२. सभा अध्यक्ष प्रजापतिले सभाको बैठक आधा घण्टाको लागि स्थगित भएको जानकारी गराउनु भयो ।

१३. सभा अध्यक्ष प्रजापतिले सभाको बैठक पुनः शुरु गर्नु हुँदै देहाय बमोजिमको विषयगत समितिहरुको प्रतिवेदन सभामा पेश गर्न समय प्रदान गर्नुभयो ।

१४. सभा अध्यक्ष प्रजापतिबाट समय प्राप्त गरी

क. युवा तथा खेलकुद समितिका संयोजक **श्री श्यामकृष्ण खत्री**ले

ख. महिला, बालबालिका तथा समाज कल्याण समितिका संयोजक **श्री रोशन मैया सुवाल**ले

ग. कृषि समितिका सदस्य **श्री लक्ष्मी प्रसाद ह्यौंमिखा**ले

घ. शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्य **श्री रविन्द्र ज्याख्व**ले

ङ. अपांगता भएका व्यक्तिलाई परिचय पत्र वितरण गर्ने सम्बन्धी अस्थायी समन्वय समितिको सदस्य **श्री रोशनमैया सुवाल**ले

च. वातावरण तथा पर्यट समितिका सदस्य **श्री योगेन्द्रमान बिजुक्छें**ले

छ. आर्थिक तथा लेखा समितिका संयोजक **श्री हरिप्रसाद बासुकला**ले

ज. निर्माण समितिका संयोजक **श्री उकेश कवां**ले

झ. बजार अनुगमन समितिका सदस्य **श्री रिता फसिकवा**ले

ञ. न्यायिक समितिका संयोजक एवम् उपप्रमुख **श्री रजनी जोशी**ले

आ-आफ्नो विषयगत समितिहरुको प्रतिवेदन सभामा पेश गर्नु भयो ।

१५. सभा अध्यक्ष प्रजापतिले सभाको अर्को बैठक मिति २०८१।१०।३ गते दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

**भक्तपुर नगरपालिकाको सत्रौं नगर सभा (तेश्रो दिन)**
**२०८१ माघ ३ गते, विहीबार**

१. सभाअध्यक्ष श्री सुनिल प्रजापतिले सत्रौं नगर सभाको तेश्रो दिनको बैठक शुरु गर्नु हुंदै आ.व. २०८१/०८२ को बजेट संशोधन तथा रकमान्तर प्रस्ताव पेश गर्न बजेट तर्जुमा समितिका संयोजक एवम् उपप्रमुख श्री रजनी जोशीलाई समय प्रदान गर्नुभयो र उपप्रमुख जोशीले उक्त प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

२. सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको आ.व. २०८१/०८२ को बजेट संशोधन र रकमान्तर प्रस्ताव पारित गर्न निर्णयार्थ सभा समक्ष पेश गर्नुभयो र सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित भएको घोषणा गर्नुभयो :

३. सभा अध्यक्ष प्रजापतिले "**भक्तपुर नगरपालिका आदर निकेतन सेवा सम्बन्धी ऐन, २०७७"** मा दोश्रो संशोधन प्रस्ताव सभामा प्रस्तुत गर्न विधायन समितिका संयोजक श्री हरिराम सुवाललाई समय प्रदान गर्नु भयो र संयोजक सुवालले उक्त संशोधन प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो ।

४. सभा अध्यक्ष प्रजापतिले "**भक्तपुर नगरपालिका आदर निकेतन सेवा सम्बन्धी ऐन, २०७७"** मा दोश्रो संशोधन प्रस्ताव पारित गर्न निर्णयार्थ सभा समक्ष पेश गर्नुभयो र सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित भएको घोषणा गर्नुभयो :

५. सभा अध्यक्ष प्रजापतिले आर्थिक समितिका संयोजक श्री हरि प्रसाद बासुकलालाई "स्थानीय तह संस्थागत स्वमूल्यांकन (लिजा) को प्राप्त नतिजा सभा समक्ष पेश गर्न समय प्रदान गर्नुभयो र संयोजक बासुकलाले उक्त प्रतिवेदन सभामा पेश गर्नुभयो ।

६. सभा अध्यक्ष प्रजापतिले यस वर्ष नगरपालिकाले आयोजना गरिने अन्तर नगर खेलकुद प्रतियोगिता सम्बन्धी जानकारी सभा समक्ष प्रस्तुत गर्न युवा तथा खेलकुद समितिका संयोजक श्री श्यामकृष्ण खत्रीलाई समय प्रदान गर्नु भयो र संयोजक खत्रीले यस वर्ष अन्तर नगर जिम्नाष्टिक प्रतियोगिता सञ्चालन गर्ने प्रस्ताव पेश गर्नुभयो ।

७. सभा अध्यक्ष प्रजापतिले उक्त प्रस्ताव पारित गर्न सभा समक्ष पेश गर्नु भयो र यस वर्षको अन्तर नगर खेलकुद प्रतियोगिता अन्तर्गत अन्तर नगर जिम्नाष्टिक प्रतियोगिता सञ्चालन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुभयो ।

८. सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको सत्रौं नगर सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने उद्घाटन समारोहका प्रमुख अतिथि लगायत सम्पूर्ण अतिथिहरु, सम्पूर्ण सभासदहरु, प्रमुख प्रशासकीय अधिकृतलगायत सम्पूर्ण कर्मचारीहरु तथा सञ्चारकर्मीहरुलाई धन्यवाद ज्ञापन गर्दै सत्रौं नगरसभा सम्पन्न भएको जानकारी गराउनु भयो ।